**अनुसूची २**
(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

**अग्नीसाइर कृष्णासवरन गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्डः २** **संख्याः १** **मितिः २०७७/१२/२७**

**भाग १**
**अग्नीसाइर कृष्णासवरन गाउँपालिका**

# अग्नीसाइर कृष्णासवरन गाउँपालिका विधालय लेखापरीक्षण कार्यविधि,

# २०७७

**(अग्नीसाइर कृष्णासवरन गाउँ सभाबाट पारित )**

Scanned with CamScanner

# अग्नीसाइर कृष्णासवरन गाउँपालिका

## अग्नीसाइर कृष्णासवरन गाउँपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०७७

खण्ड : संख्या मिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) मा रहेको विधालयको शिक्षा सम्वन्धी काम, कर्तव्य र अधिकार एवं अग्नीसाईर कृष्णासवरन गाउँपालिका शिक्षा नियमावली,२०७४ को दफा –८८ र दफा –८९ मा भएको व्यवस्था बमोजीम अग्नीसाईर कृष्णासवरन गाउँपालिकाले विधालय लेखापरिक्षण कार्यविधि, २०७७ जारी गरी लागु गरिएको छ।

परिच्छेद १

प्रारम्भिक :

१. (क) संक्षिप्त नाम र प्रारम्भ : यस कार्यविधिको नाम लेखापरिक्षण कार्यविधि, २०७७ रहेको छ।

(ख) यो कार्यविधि अग्नीसाईर कृष्णासवरन गाउँपालिका क्षेत्रभित्र लागु हनेछ।

(ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ।

(ख) कार्यविधि भन्नाले अग्नीसाईर कृष्णासवरन गाउँपालिका क्षेत्र भित्रका विधालयहरुको लेखापरिक्षण सम्बन्धी कार्यविधि,२०७७ सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले अग्नीसाईर कृष्णासवरन गाउँपालिका सम्झनु पर्दछ।

(घ) "अध्यक्ष" भन्नाले अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(ङ)"उपाअध्यक्ष"भन्नाले अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत संम्झनु पर्दछ।

(छ) "शिक्षा, युवा तथा खेलकद शाखा" भन्नाले "अग्नीसाईर कृष्णासवरन गाउँपालिका अन्तरगतको शैक्षिक प्रशासन , युवा तथा खेलकुद सम्वन्धी कार्यकम गर्ने शाखालाई" सम्झनु पर्दछ।

(ज) लेखापरिक्षण भन्नाले आन्तरिक र अन्तिम लेखापरिक्षणलाई सम्झनु पर्दछ।

(झ) "लेखापरिक्षण" भन्नाले लेखापरिक्षण गर्ने कार्यको लागि प्रचलित कानुन बमोजिम प्रमाण पत्र प्राप्त व्यक्ति/संस्था वा फर्मलाइ सम्झनु पर्दछ।

परशुराम चौधरी
अध्यक्ष



Scanned with CamScanner

## लेखापरिक्षण सम्बन्धी व्यवस्था

३ सम्बन्धित विधालयले लेखापरिक्षणका लागि विधालय व्यवस्थापन समितिको निर्णय सहित कम्तिमा तीन (३) जना लेखापरिक्षक फर्म सिफारिस गरी तोकिएको समयावधि भित्र र अग्नीसाईर कृष्णासवरन गाउपालिका गाउ कार्यपालिकाको आन्तरीक लेखापरिक्षण शाखामा पठाइसक्नुपर्दछ ।

४. लेखापरिक्षक नियुक्तिका लागि संलग्न गर्नुपर्ने कागजातहरु :

(क) लेखापरिक्षकको पेशागत प्रमाण पत्र, नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपि ।

(ख) आन्तरिक राजस्व कार्यालयवाट कर दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्र प्रतिलिपि ।

५. विधालयको लेखापरिक्षण सम्वन्धी निवेदनको ढाँचा सिफारिसको ढाँचा, नियुक्तिको ढाँचा कमशः अनुसुचि १,२ र ३ बमोजिम हुनेछ ।

## परिच्छेद ३

## लेखापरिक्षण छनौट समिति

६. लेखापरिक्षक छनौट समिति देहाय वमोजिम हुनेछ ।

संयोजक : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : प्रशासन शाखा प्रमुख

सदस्य : सामाजिक विकास समितिको अध्यक्ष

सदस्य : शिक्षा शाखा प्रमुख

सदस्य सचिव : आर्थिक प्रशासन शाखा प्रमुख

७. दफा ६ वमोजिम गठित लेखापरिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आर्थिक वर्ष शुरु भएको दुई महिना भित्र लेखापरिक्षणको लागि स्थानीय/राष्ट्रियस्तरको पत्रिकामा पन्ध्र (१५) दिनको र गाउँपालिकाको वेभसाइटमा निवेदन पत्र पेश गर्ने सम्बन्धि सूचना प्रकाशन गर्ने ।

(ख) लेखापरिक्षक छनौटका लागि मापदण्ड एवं सुचकहरु तयार गरी प्रमुख प्रशासकीय अधिकृतवाट स्वीकृत गराउने ।

(ग) प्रकरण (क) बमोजिम प्राप्त निवेदन पत्र उपर छानविन गर्ने ।

(घ) लेखापरिक्षक नियुक्त गरी सम्वन्धित लेखापरिक्षक र विधालयलाई लिखित जानकारी गराउने ।

(ङ) लेखापरिक्षण सम्वन्धमा आइपरेका समस्या उपर लेखापरिक्षण छनौट समितिको वैठक बसी आवश्यक निर्णय गर्ने ।



Scanned with CamScanner

(छ) विधालयहरुको एक आर्थिक वर्षमा कम्तिमा १(एक) पटक नमूनागत अध्ययन गरी लेखा एवं लेखापरिक्षण सम्बन्धमा अनुगमन एवं निरिक्षण गरी अग्नीसाईर कृष्णासवरन गाउँपालिका गाउँ कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्ने ।

(ज) एउटै लेखापरिक्षकलाई एउटै विधालयमा लगातार दुई आर्थिक वर्षका लागि भन्दा बढी नियुक्ति गर्न पाइने छैन् ।

(झ) यस अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको कार्यालयमा आवेदन दर्ता गराउनु भएका लेखा परिक्षकहरुमध्ये विधालयहरुले विधालय व्यवस्थापन समितिको निर्णय बमोजिम तीन जना लेखा परिक्षकहरुको नाम सिफारिस गरी पठाईएको भएमा सोहीमध्ये कुनै एक जना लेखापरिक्षकलाई सम्बन्धित विधालयको लेखापरिक्षणको लागि तोक्ने कार्य गर्ने ।

(ञ) विधालय व्यवस्थापन समिति नभएका विधालयबाट लेखापरिक्षकहरुको नामावली सिफारिस भई आएको वा विधालय व्यवस्थापन समितिको निर्णय बिना नै विधालयले सिफारिस गरी पठाईएको खण्डमा यस गा.पा.को कार्यालयमा आवेदन दर्ता गराउनु भएका लेखा परिक्षकहरुमध्ये जो सुकैलाई लेखा परिक्षणको लागि तोक्न सक्नेछ ।

(ट) एउटै लेखा परिक्षकलाई एक आर्थिक वर्षमा जतिसुकै विधालयहरुबाट लेखापरिक्षणको लागि सिफारिस भई आएता पनि दुई वटा विधालय भन्दा बढी विधालयको लेखा परिक्षण गर्न नदिने कार्य गर्ने । यसरी लेखा परिक्षकहरुको नामावली एक भन्दा बढी मा.वि. तथा आधारभूत तहको विधालयहरुबाट लेखा परिक्षणको सिफारिस भई आएको खण्डमा उक्त लेखा परिक्षकहरुलाई वढीमा एउटा मा.वि. तथा एउटा आधारभूत विधालय लेखापरिक्षणको लागि दिन सक्नेछ ।

(ठ) अग्नीसाईर कृष्णासवरन गाउँपालिका गाउँकार्यपालिकाले तोके बमोजिमका लेखापरिक्षण सम्बन्धी अन्य कार्य गर्ने ।

(ड) तोकिएको अवधि भित्र सम्बन्धित विधालयहरुबाट लेखापरिक्षकको नामावली सिफारिस भई नआएमा माथि उल्लेखित समितिले गाउँपालिकामा दर्ता भएका लेखापरिक्षकहरुमध्येबाट लेखापरिक्षक छनौट गर्नेछ ।

८. **विशेष व्यवस्था** : विधालयहरुको लेखापरिक्षण सम्बन्धि कार्यलाई सफल, मितव्ययी एवं प्रभावकारी बनाउन अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको कार्यालयले आवश्यक अन्य निर्णयहरु एवं कार्यविधिहरु तय गर्न सक्नेछ ।

९. **विधालयको कर्तव्य :**

(क) अग्नीसाई कृष्णासवरन गाउँपालिकाबाट खटाईएका लेखापरिक्षकबाट लेखापरिक्षण गराउन सम्बन्धित विधालयको कर्तव्य हुनेछ ।

(ख) अग्नीसाई कृष्णासवरन गाउँपालिकाबाट खटाईएका लेखापरिक्षकबाट लेखापरिक्षण नगराइएमा , उक्त विधालयको निकासा लगायतका अन्य सेवामा रोक लगाउन सक्नेछ ।

१०. दफा ६ बमोजिम लेखापरिक्षण छनौट समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट लेखापरिक्षक छनौट एवं नियक्त हुनेछन् ।

११. सचिवालय : विधालयहरुको लेखापरिक्षण सम्बन्धि कार्य गर्न एवं दफा ६ बमोजिम गठित समितिको सचिवालयको रुपमा आन्तरिक लेखापरिक्षण शाखाले कार्य गर्नुपर्नेछ ।



Scanned with CamScanner

परिच्छेद ४

**लेखापरिक्षकको लागि पारिश्रमिक**

१२. **लेखापरिक्षण शुल्क** : लेखापरिक्षण गरे वापत सम्बन्धित विधालयबाट देहाय बमोजिमको शुल्क दिनुपर्नेछ ।

(क) आय/व्यय विवरणमा स्थिर सम्पत्ति मल्याङकन र मद्दती खाताको रकम समावेश हुने छैन् । लेखापरिक्षकले प्राप्त गर्ने पारिश्रमिक, आय/व्यय विवरणका आधारमा सयकडा ०/२२ (बाईस) पैसाका दरले प्रतिवेदन बुझाएपछि विधालयबाटै रकम भक्तानी हनेछ । उक्त पारिश्रमिक रकममा आय कर नियमानुसार कट्टी हुनेछ । विधालयहरुले गाउँपालिकावाट तोकिएको रकम भन्दा बढी पारिश्रमिक दिन पाउने छैन् ।

(ख) माथि उल्लेखित रकम भन्दा बढी रकम विधालयवाट लेखापरिक्षकले दावी गर्न पाइने छैन् । लेखा परिक्षकले नियमानुसार हुन आउने रकम भन्दा बढी माँग गरेमा सम्बन्धित विधालयले रकम भुक्तानी नगरी तुरुन्त अग्नीसाईर कृष्णासवरन गाउँपालिकामा जानकारी गराउनु पर्दछ ।

(ग) अग्नीसाई कृष्णासवरन गाउँपालिकाले विषेश अवस्थामा लेखापरिक्षकको नियुक्ति रद्द गर्न सक्नेछ ।

**परिच्छेद-५**

**आन्तरीक लेखापरीक्षण**

१३. प्रत्येक वर्ष अग्नीसाई कृष्णासवरन गाउँपालिकाले नमुना छनौटका आधारमा कम्तिमा ५ (पांच) सामुदायिक बिद्यालयको आन्तरीक लेखापरीक्षण गाउँपालिकाको आन्तरीक लेखापरीक्षण शाखाबाट सम्पादन गराउन सक्नेछ । सामान्यतया चौमासिक रुपमा आन्तरीक लेखापरीक्षण गरी सोको प्रतिवेदन सम्वन्धित बिद्यालय र गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

१४. आन्तरीक लेखापरीक्षण वापतको पारिश्रमिक लिन/दिन पाइने छैन ।

**परिच्छेद-६**

**अन्तिम लेखापरीक्षण प्रतिबेदन उपर कारबाही**

१५. लेखापरीक्षकले दिएको लेखापरीक्षण प्रतिवेदन स्तरीय र सन्तोषजनक नभएमा प्रमुख प्रशासकिय अधिकृतले सोको जानकारी महालेखा परीक्षकको कार्यालय समक्ष पुष्ट्याई सहित पठाउनु पर्नेछ । उक्त लेखापरीक्षण प्रतिवेदन उपर महालेखा परीक्षकको कार्यालयबाट प्राप्त निर्देशन वा सुझावको कार्यान्वयन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

**परिच्छेद-७**

**बेरुजु र सम्परीक्षण**

१६. आन्तरीक र अन्तिम लेखापरीक्षणबाट कायम भएको बेरुजुको लगत तयार गर्ने र सम्परीक्षणको लागि अग्नीसाईर कृष्णासवरन गाउँपालिकामा पेश गर्ने दायित्व सम्बन्धित विद्यालयको हुनेछ ।

१७. बेरुज फर्छौट गरी सम्परीक्षण गराउने दायित्व भएका अधिकार प्राप्त अधिकारी वा कर्मचारी सरुव,बढुवा वा अवकास भई कार्यालय छाड्न पर्दा निजले फर्छौट गर्न बाकी रहेको बेरुजु लगत तथा कारोबार सम्बन्धी कारबाहीको सम्पुर्ण विवरण खोली वहालवाला जिम्मेवारी प्राप्त अधिकारीले उपरोक्त बुमोजिम बुझिलिई बेरुजु फर्छ्यौट गर्न गराउनु पर्नेछ ।

Scanned with CamScanner

## अनुसुची (१)

### लेखापरीक्षकले दिने निवेदनको ढाँचा

मिति :

श्री मान प्रमुख प्रशासकिय अधिकृत ज्यू
अग्नीसाईर कृष्णासवरन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, सितापर, सप्तरी ।

**विषय: विद्यालयको लेखापरीक्षणका लागि निवेदन पत्र पेश गरिएको ।**

महोदय,

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको आ.ब. .......को मिति ........को लेखापरीक्षणका लागि प्रकाशित सूचना बमोजिम निवेदन माँग गरिएकोमा मेरो नाममा रहेको लेखापरीक्षण संस्थावाट यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुको अन्तिम लेखापरीक्षणका लागि निवेदन साथ तपसील बमोजिमका लेखापरीक्षणसंग सम्बन्धित प्रमाण-पत्रहरु संलग्न गरी पेश गरेका व्यहोरा श्रीमान समक्ष अनुरोध गरिन्छ ।

.................
लेखापरीक्षक

तपसिल :

क) पेशागत प्रमाण-पत्रको नबिकरण सम्बन्धी प्रमाणित फोटोकोपी थान-१
ख) प्यान/भ्याट दर्ताको फोटोकपी थान -१
ग) चालु आ.ब. भन्दा अगाडीको कर चुक्त प्रमाण पत्रको फोटोकपी थान -१
ध) नागरिक्ताको फोटोकपी थान -१
ङ) संस्थाको प्रोफाईल फोटोकपी थान -१



Scanned with CamScanner

अनुसुची २

लेखा परिक्षक सिफारिसको ढाँचा

अग्नीसाईर कृष्णासवरन गाउँपालिका

..................विधालय ..............

मिति :

प.स. :

च.न. :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
अग्नीसाईर कृष्णासवरन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, सितापुर, सप्तरी ।

विषय : लेखापरिक्षकको नाम सिफारिस गरी पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस विधालयको विधालय व्यवस्थापन समितिको मिति ..............मा बसेको बैठकको निर्णय नं.............बाट आ.व........./...........सम्मको अन्तिम लेखा परिक्षणका लागि त्यस कार्यालयबाट प्रेशित लेखा परिक्षकहरुको सुचीमध्येबाट तपसिल बमोजिम ३ (तीन ) जना लेखा परिक्षकहरुको नामावली सिफारिस गरिएको मध्येबाट एक जना लेखा परिक्षक नियुक्त गरिदिनु हुन अनुरोध गरिन्छ ।

तपसिल :

| क.स. | नाम, थर | प्रमाण पत्र नम्बर | मोबाइल नं. |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

....................

प्रधानाध्यापक



Scanned with CamScanner

## अनुसुची ३

## लेखापरिक्षक नियुक्तिको ढाँचा

## अग्नीसाईर कृष्णासवरन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय सितापुर, सप्तरी ।

प.स. :

च.न. :

मिति :

श्री .....................

उपर्युक्त विषयमा तपसिल बमोजिमको आ.व......./.........सम्मको लेखा परिक्षण गर्न तपाईँलाई यस कार्यालयको मिति .........को निर्णयानुसार लेखापरिक्षकमा नियुक्ति गरिएको छ । नियमानुसार लेखा परिक्षण कार्य सम्पन्न गरी प्रतिवेदन यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ ।

### अन्तिम लेखा परिक्षण गर्न तोकिएको विधालय

| सि.नं. | बिद्यालयको नाम, ठेगाना | सि.नं. | बिद्यालयको नाम, ठेगाना |
|---|---|---|---|
| १ | | २ | |

१. विद्यालयको लेखापरिक्षण गर्दा सरकारी अनुदान तथा बिद्यालयको आन्तरीक श्रोत बाट भएको यथार्थ आय–व्यय देखिने गरी पेश गनु पर्नेछ ।

२. विद्यालयको भौतिक सम्पत्ति, जिन्सि सामान तथा जग्गा सम्बन्धी विबरन स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

३. आम्दानी र खर्च प्रचलित ऐन, नियम अनुसार भए/नभएको हेर्नुपर्नेछ ।

४. विद्यालयको लेखा परिक्षण कार्य गर्दा विधालय व्यवस्थापन समितिलाई समेत जानकारी गराउनु पर्नेछ ।

५. लेखा परिक्षण प्रतिवेदन लेखा परिक्षक नियुक्ति भएको मितिले १५ दिन भित्र पेश गरिसक्नु पर्नेछ ।

६. आय/व्यय विवरणमा स्थिर सम्पत्ति मूल्याङ्कनको रकम र मुद्दती खाताको रकम समावेश हुने छैन् । लेखापरिक्षकले प्राप्त गर्ने पारिश्रमिक आय/व्यय विवरणका आधारमा सयकडा ०/२२ ( बाईस) पैसाका दरले प्रतिवेदन बुझाएपछि विधालयबाटै रकम भुक्तानी हुनेछ ।

७. लेखा परिक्षण गर्दा विधालयले घर भाडा भुक्तानी गर्दा अग्रिम कर कट्टी गरे/नगरेको, कर योग्य आय भएको शिक्षकहरुको कर कट्टी गरे/नगरेको, तलब भुक्तानी गर्दा १% (एक प्रतिशत) सामाजिक सुरक्षा कर कट्टी गरे/नगरेको, स्थायी शिक्षकहरुको क.स.कोष, नागरिक लगानी कोष, सावधिक जिवन बीमा बापतको रकम कट्टी गरी ती रकमहरु समयमै सम्बन्धित खातामा दाखिला गरे/नगरेको विवरण समेत पेश गर्नु पर्नेछ ।



Scanned with CamScanner

८. कार्यालयबाट छात्रवृत्ति र पाठ्य पुस्तकमा निकासा भएको रकम विधार्थीलाई वितरण गरे/नगरेको प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ।

९. भौतिक निमार्ण तर्फ विभिन्न शिर्षकमा निकासा भएको रकम सम्बन्धित शिर्षकमा खर्च भए/नभएको प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ।

१०. उपरोक्त लेखिए बाहेकका अन्य कुराहरु स्थानीय शिक्षा ऐन, २०७४ अनुसार गर्ने गराउने र सोही बमोजिम प्रतिवेदन पेश गर्नुपर्नेछ । भ्याटमा दर्ता नभएका लेखा परिक्षकहरुको पारिश्रमिक रकम भुक्तानी गर्दा १५%(पन्ध्र प्रतिशत) ले पारिश्रमिक भुक्तानी गर्दा १.५% पारिश्रमिक कर कट्टा गरी भुक्तानी दिनुपर्नेछ।

११. तोकिएको समयमा प्रतिवेदन कार्यालयमा प्राप्त नभएमा अर्को लेखा परिक्षक पठाई लेखा परिक्षण कार्य सम्पादन गराईनेछ।

१२. लेखा परिक्षण गर्दा प्रचलित लेखा परिक्षण मापदण्डहरु, लेखा परिक्षण ऐन,२०४८ तथा नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको विधालयको लेखा परिक्षण निर्देशिकालाई समेत अवलम्बन गर्नुपर्नेछ।

.................................

**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थ :**

श्री ......................विधालय .......................: उपर्युक्त अनुसार त्यस विधालयको आ.व......./........ सम्मको लेखापरिक्षण सम्पन्न गराई सोको जानकारी यस कार्यालयलाई समेत गराउनु हुन एवं नियमानुसार कर कट्टी गरी लेखा परिक्षकको पारिश्रमिक त्यसै विधालयबाट भुक्तानी दिनुहुन अनुरोध छ।

**आज्ञाले,**
**कमलदेव यादव**
**प्रमुख प्रशासकीय अधिकृत**



Scanned with CamScanner